आज मिति २०७७।०४।२६ गतेका दिन यस कैलारी गा.पा.को अध्यक्ष श्री लाजुराम चौधरी ज्यूको अध्यक्षतामा विश्वमा फैलिएको कोरोना भाइरस कोभिड १९ रोकथाम तथा आज बिहानै ५ बजे र ३० मिनेट बाट भइरहेको अविरल बर्षा भईरहेकोले बाढी आउने सम्भाना देखिएकोले तपसिल को उपस्थितिमा तपसिलको बैठक बसी निर्णय परित गरियो ।

**उपस्थिति**

१. श्री लाजु राम चौधरी ( गा.पा.अध्यक्ष)) -अध्यक्ष

२.श्री लक्ष्मी सत्गौवा (थारु)( गा.पा.उपाध्यक्ष))

३.श्री खगेन्द्र राज जोशी (प्रमूख प्रशासकिय अधिकृत

४.श्री बालकृष्ण डगौरा थारु (वडा अध्यक्ष वडा नं. १ )

५. श्री सन्तु राम चौधरी (वडा अध्यक्ष वडा नं. २ )

६. श्री कैलाश चौधरी (वडा अध्यक्ष वडा नं. ३ )

७.श्री भिख राम चौधरी (वडा अध्यक्ष वडा नं. ४ )

८. श्री बिष्णु प्रसाद चौधरी (वडा अध्यक्ष वडा नं. ५ )

९. श्री प्रेम बहादुर चौधरी (वडा अध्यक्ष वडा नं. ६ )

१०. श्री कमल प्रसाद चौधरी (वडा अध्यक्ष वडा नं. ७ )

११. श्री दुखी राम कठरिया (वडा अध्यक्ष वडा नं. ८ )

१२. श्री खेम राज चौधरी (वडा अध्यक्ष वडा नं. ९ )

१३. श्री यगम कलेल (स.वि.अ.)

१४. श्री बिरेन्द्र सापकोटा ( हे अ.छौठौं)

१५. श्री मोहन प्रसाद भट्ट ( श. प्र.नि. शस्त्रबेस क्याम्प भुइयाँफाटा)

१६. श्री ~~ममा दत्त~~ हरिप्र भट्ट ( श. ~~प्र.~~ ना.नि. शस्त्रबेस क्याम्प खोनपुर)

१७. श्री नारद सिंह धामी ( प्र.ना.नि. इ.प्र.का. हसुलिया )

१८. श्री ~~कल्याण सिंह धामी~~ भरत बोहरा ( प्र.मा.नि. सि.प्र.का. रामपुर )

१९. श्री नेपालु चौधरी ( अध्यक्ष,कैलारी उद्योग वाणिज्य संघ हसुलिया )

२०. श्री सन्तोष कुमार चौधरी (सहायक पाचौं) ना.सु.

२१.श्री सोम प्रसाद चौधरी (सहायक पाचौं) ना.स

**प्रस्ताव नं. १** कोरोना भाइरस रोकथाम सम्बन्धमा ।

**निर्णाय नं. १** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा कैलारी गा.पा.अर्न्तगत कोरोना रोकथाममा खटिएका स्वास्थ्यकर्मी लाई समेत कोरोना देखिएकोले र सोको सर्म्पकमा रहेका व्यक्तिहरुको परीक्षण कार्य जारी रहेको र पहिलो र दोस्रो चरणको सर्म्पक परिक्षण कार्य मा कोरोना संकमित नदेखिएको साथै कैलारी गा.पा. क्षेत्र मिति २०७७०४।२१ गते देखि पूर्ण रुपमा अनिश्चित कालीन लकडाउन गर्ने निर्णाय भएकोले उक्त लकडाउन तपसिलका मापदण्ड पुरा गरी आज मिति २०७७०४।२६ गते देखि लागु हुने गरी अंशिक रुपमा बजार क्षेत्र, बजार व्यवसाय ,वित्तीय संघसस्था ,सवारी सधानहरु समेत कार्यपालिकाबाट अनुमोदन हुने गरी लकडाउन खोल्ने निर्णाय सर्वसम्मतीबाट परित गरियो

तपसिल

१.सामाजिक दुरी कायम गरी सामाजिक सुरक्षा भत्ता बित्तीय संस्थाले बितरण गर्ने

२.मोटर साइकलमा २ जना मात्र सवार गर्न र मास्क अनिवार्य लागउने

३.अटोमा २ जना मात्र सवार गर्न र मास्क अनिवार्य लागउने

४.अनिवार्य मास्कको प्रयोग गर्ने

५.सेनिटाइजारको प्रयोग गर्ने

६.साजाजिक दुरी अनिवार्य कायम गर्ने

७.नेपाल सरकार जनस्वास्थ्य मन्त्रालयको मापदण्ड पुर्ण रुपमा पालना गर्ने

८. नेपाल सरकार गृह मन्त्रालयको निर्देशन र मापदण्ड पुर्ण रुपमा पालना गर्ने